आज मिति २०८१ साल माघ ११ गते शुक्रबारका दिन बिहान ९ बजे यस नीलकण्ठ नगरपालिका कार्यबाहक नगर प्रमुख श्री दिपक विश्वकर्माज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णय गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक विश्वकर्मा | उप प्रमुख | |
| २ | श्री पुरुषोत्तम सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | श्री प्रकाश कुमार श्रेष्ठ | प्रवक्ता/वडा अध्यक्ष | |
| ४ | श्री गणेश बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ५ | श्री ध्वजबहादुर गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री हरि बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| ८ | श्री राम बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | श्री भुपेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| १० | श्री गौतमहरि अधिकारी | वडा अध्यक्ष | |
| ११ | श्री राजन बराइली | वडा अध्यक्ष | |
| १२ | श्री सरोज पाण्डे | वडा अध्यक्ष | |
| १३ | श्री राम बहादुर श्रेष्ठ | वडा अध्यक्ष | |
| १४ | श्री धर्मराज भण्डारी | वडा अध्यक्ष | |
| १५ | श्री टोम बहादुर गुरुङ | वडा अध्यक्ष | |
| १६ | श्री नमराज दुवाडी | वडा अध्यक्ष | |
| १७ | श्री चिनामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८ | श्री राम्री नेपाली | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९ | श्री लक्ष्मण रन्तेल | कार्यपालिका सदस्य | |
| २० | श्री शान्ता थापा | कार्यपालिका सदस्य | |
| २१ | श्री छनुमाया गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री मञ्जु मगर | कार्यपालिका सदस्य | |
| २३ | श्री विशाल रोक्का | कार्यपालिका सदस्य | |

<u>अन्य उपस्थिति</u>

१. वा.६. वडा अध्यक्ष श्री राजन अधिकारी, वडा नं: ६
२. वा.४. वडा अध्यक्ष होम बहादुर श्रेष्ठ, वडा नं: ४
३.
४.
५.
६.
७.
८.

<u>छलफलका विषयहरु:</u>

१. नगर प्रमुखलाई विभुषणको लागि सिफारिस गर्ने सम्वन्धमा।
२. अर्धवार्षिक अवधिमा भएका कार्य तथा आय व्याय समिक्षा ।
३. विविध सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको बैठक

मिति २०८१।१०।११ गते

निर्णयहरु:

१. नेपाल सरकार, गृह मन्त्रालयबाट मिति २०८१।०९।१८ गते विभूषण सिफारिस गर्ने सम्बन्धी सूचना प्रकाशन भएअनुसार यस नगरपालिकाका नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाले स्थानीय विकास निर्माण सगैं सामाजिक सुधारमा महत्वपूर्ण भूमिकाखेली अभुतपूर्व नतिजा निकाल्न सफल भएको तथा नेपालमा सङ्घीयता कार्यान्वयनका क्रममा स्थानीय शासनको संस्थागत विकास गर्न सहयोग, सहजिकरणमा र समन्वयकारी भूमिका खेलेकाले नीजलाई सुकीर्तिमय राष्ट्रदीप (तृतीय श्रेणीको) मानपदवी प्रदान गर्नको लागि निजले पुर्‍याएको देहायका उल्लेखिनीय योगदानसमेतलाई मध्येनजर गर्दै विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्वन्धी मापदण्ड, २०८१ को दफा ६ को बुदाँ 'अ' को 'छ' मा व्यवस्था भए बमोजिम नेपाल सरकारको गृह मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो।

| | |
|---|---|
| जिम्मेवारी वहन तथा उत्तरदायित्व प्रति निजको भूमिका | नीज सहभागी सबै कार्य तथा निर्णयमा सामूहिक निर्णयलाई प्राथमिकता दिने गरेको र गरेका निर्णयहरु कार्यान्वयनमा कट्टिबद्धरुपमा एकाग्र भई गर्ने गराउने गरेको। सामूहिक निर्णयमा विश्वासः हालसम्म कुनै पनी नोट अफ डिसेन्ट बिना सर्वसम्मतीमा नगर सभा तथा कार्यपालिकाका निर्णय गराउन सफल। पूर्वाधार विकास, सामाजिक विकास, सुशासन तथा आर्थिक विकास लगायत नगरको समग्र उन्नती र प्रगतीमा नेतृत्वदायी भूमिका। |
| निजको आफ्नै पहलमा भएका सिर्जनशिल कार्यहरु | सामाजिक विकास तर्फको लक्षित बर्ग उत्थान तथा सशक्तिकरणका लागि नीतिगत निर्णयसगैं कार्यान्वयन गरेको। उद्यमशिलता विकासको लाग मेयर उद्यमशिलता कार्यक्रम अन्तर्गत उद्यमीलाई ब्याजमा अनुदान दिने व्यवस्था मिलाएको। नगरको विकासको लागि सबै क्षेत्रको क्षेत्रगत विकासमा सन्तुलित बनाइलाने व्यवस्था मिलाएको। कार्य तथा योजनाहरु एकीकृत शहरी विकास योजना, आवधिक योजनालगायतका योजना नीति बनाई |

प्रमुख प्रशासकीय अधिकृत

का.वा. नगर प्रमुख

| | |
|---|---|
| | लागु गर्ने गरेको। |
| साहसिक तथा उल्लेख्य कार्यहरुको विवरण | नगरको समग्र विकासका कार्यमा नेतृत्वदायी कार्य गरेको।<br>सामाजिक जागरण तथा समाज सुधारमा उल्लेख्य योगदान। एक्शन नेपालको अध्यक्षकोरुपमा रहदाँ धादिङ जिल्लाभरी नै खानेपानी र उद्यमशिलताको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएको।<br>स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई सुशासन तथा विकास निर्माण सम्बन्धमा सहयोग, सहजिकरण तथा समन्वयकारी भूमिका। |
| सार्वजनिक हित तथा राष्ट्रको उन्नतिमा निजको योगदान | स्थानीय शासनलाई गतिशिल र जवाफदेही बनाउन सहयोग, समन्वय, पैरवी।<br>स्थानीय प्रदेश र सङ्घीय सरकार, दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था विच सहयोग समन्वय र सहकार्यमा अग्रणी भूमिका।<br>स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनमा नगरलाई पहिलो स्थानमा उभ्याउन नेतृत्वदायी भूमिका।<br>२०७२ सालको भुकम्प, कोभिड १९ को महामारीलगायत अन्य विपद्को समयमा जनताको हित तथा सहयोगको लागि नि:स्वार्थ भाव राखी कार्य गरेको। |
| विभूषण प्रदान गर्नका लागि सिफारिस गर्नुपर्ने आधार तथा अरु उल्लेख्य कारणहरु | स्थानीय सरकारलाई बलियो र जनमूखी बनाउने कार्यमा सहयोग तथा सहजीकरण गरेको कारण।<br>सङ्घीयताको संस्थागत विकासको लागि ममह |
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | स्थानीय शासनको क्षेत्रमा अनुभवी |

२. नीलकण्ठ नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट आर्थिक वर्ष २०८१।०८२ को अर्धवार्षिक अवधीमा प्रवाह भएका सेवा तथा भएगरेका कार्यहरु सम्वन्धमा समिक्षा गरियो। प्रवाह हुने सेवा तथा कार्यमा थप गुणस्तरकायम गरी सेवाग्राहीको सन्तुष्टी बढाउने गरी कार्य सम्पादन गर्न सम्वन्धित पदाधिकारी कर्मचारीलाई

प्रमुख प्रशासकीय अधिकृत

का.बा. नगर प्रमुख

निर्देशन गर्ने निर्णय गरियो। प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको बजेट कार्यान्वयनको अवस्था तथा आय व्ययको समग्र स्थिति सम्बन्धमा समिक्षा गरी अनुमोदन गर्दै यस आर्थिक वर्षको बाँकी अवधीमा थप प्रभावकारी ढङ्गबाट नतिजामूखी भई कार्यसम्पादन गर्ने निर्णय गरियो।

३. पत्रकारीता क्षेत्रको माध्यमबाट सामाजिक सुधार तथा विकास महत्वपूर्ण योगदान पुऱ्याउनु भएका नीलकण्ठ नगरपालिका, वडा नं. ७, धादिङ स्थायी ठेगाना भएका पत्रकार श्री सरोज अधिकारीलाई र सामाजिक सेवा क्षेत्रमा मन बचन र कर्मबाट लागि महत्वपूर्ण योगदान पुऱ्याउनु भएका नीलकण्ठ नगरपालिका, वडा नं. ३, धादिङ स्थायी ठेगाना भएका श्री नारायण कुमार श्रेष्ठलाई विभूषण सिफारिस कार्यविधि एवम् सम्मान सम्बन्धी मापदण्ड, २०८१ को दफा ६ को बुदाँ 'अ' को 'छ' मा व्यवस्था भए बमोजिम नेपाल सरकारको गृह मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो।

४. आ.व.२०८१/०८२ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भइ आएका पशुसेवा तर्फको सर्सत अनुदान कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ का सम्बन्धमा:

प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भइ आएका पशुसेवा तर्फको सर्सत अनुदान कार्यक्रमहरु सञ्चालनका लागि तयार भएको "प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भइ आएका पशुसेवा तर्फको सर्सत अनुदान कार्यक्रम सञ्चालन निर्देशिका, २०८१" स्वीकृत गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

का.बा. नगर प्रमुख